जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ३३ २०८३ साल भदौ ९ गते मंगलबार (25 Aug 2026 Tuesday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : उपभोक्ता अदालतको औचित्य,.. ३ पृष्ठमा : कागज र प्लास्टिकका कपमा ... ३ पृष्ठमा :न्युजिल्यान्डले बालबालिका ...

# मधेस प्रदेश सरकारद्वारा नेपाल प्रहरीलाई १२ थान चार पाङग्रे सवारी हस्तान्तरण



**दैनिक समाचारदाता**
**जनकपुरधाम, ८ भदौ ।**

मधेस प्रदेश सरकारले नेपाल प्रहरीलाई चार पाङग्रे सबारी साधन प्रदान गरेको छ ।

मधेस प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालयमा सोमबार आयोजित एक कार्यक्रमका बीच गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले नेपाल प्रहरीलाई १२ वटा चार पाङग्रे गाडी प्रदान गरेका हुन् ।

मधेस प्रदेशका आठ वटै जिल्लाका प्रहरी प्रमुख प्रहरी उपरीक्षकहरुलाई मन्त्री महतोले गाडीको साँचो हस्तान्तरण गरे ।

नागरिकको सुरक्षाका लागि दिनरात खटिरहने सुरक्षा निकायलाई सवारी साधनको अभावमा नियमित गस्ती गर्नमा समस्या भईरहेकोले मन्त्रालयबाट खरिद गरी सबारी साधन हस्तान्तरण गरिएको मन्त्री महतोले बताए ।

यही असोज पहिलो सातासम्ममा नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई ७० थान दुई पाङग्रे सवारी (मोटरसाइकल) समेत उपलब्ध गराउने मन्त्री महतोको भनाइ छ ।

सबारी साधन उपलब्ध भएपछि नागरिकको सुरक्षा र अपराध नियन्त्रणमा प्रहरीलाई काम गर्न सहज हुने उनले विश्वास समेत व्यक्त गरे ।

कार्यक्रममा मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीको उपस्थिति रहेको थियो ।

# अत्यधिक गर्मीले बिरामीको चाप बढ्यो, भूईमा राखेर उपचार गरिदै

**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

विगत केही दिनयता बढेको अत्यधिक गर्मीका कारण मधेश प्रदेशमा भाइरल ज्वरो, निमोनिया तथा झाडापखालाका बिरामीको संख्या बढ्दै गएको छ ।

गर्मीका कारण बिरामीको चाप बढेपछि अस्पतालमा शैय्याको अभाव भएपछि कतिपय बिरामीलाई भुइँमै राखेर उपचार गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा पछिल्लो समय दैनिक बिरामीको चाप बढ्दै गएको अस्पतालका प्रमुख डा. जामुन सिंहले बताए । उनका अनुसार दैनिक एक हजार चार सयदेखि एक हजार पाँच सयसम्म बिरामी उपचारका लागि अस्पताल आउने गरेका छन् ।

अस्पताल आउने अधिकांश बिरामी उच्च ज्वरो, रुघाखोकी, झाडापखाला तथा निमोनियाबाट पीडित हुने गरेको डा. सिंहले बताए । बिरामीको चाप अत्यधिक बढेपछि शैय्या अभावका कारण भुइँमै राखेर उपचार गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ ।

यसैगरी, अत्यधिक गर्मीका कारण ज्वरो, रुघाखोकी तथा झाडापखालाका बिरामीको चाप बढेपछि वीरगञ्जस्थित नारायणी अस्पतालमा समेत शैय्या अभाव भएको छ । अस्पतालका प्रवक्ता डा. उदयनारायण सिंहका अनुसार बिरामीको चाप बढेपछि कतिपय बिरामीलाई भुइँमै राखेर उपचार गर्नुपर्ने अवस्था आएको छ । गर्मीबाट दुधे बालबालिकादेखि वृद्धवृद्धासम्म बढी प्रभावित भएका छन् ।

यसैबीच, पछिल्लो समय तराई-मधेसका जिल्लामा बढेको अत्यधिक गर्मीका कारण

*बाँकी अन्तिम पृष्ठमा*

# आरोपीको भिडियो सामाजिक सञ्जालमा भाइरल गराएको आरोपमा प्रहरी हवल्दार पक्राउ

**दैनिक समाचारदाता**
**बारा, ८ भदौ ।**

बाराको सिमराकी तीन वर्षीया बालिकाको बलात्कार र हत्यामा संलग्न आरोपीको भिडियो सामाजिक सञ्जालमा भाइरल गराएको आरोपमा एक प्रहरी हवल्दार पक्राउ परेका छन् ।

सोमबार बिहान अनुसन्धानका क्रममा सोधिएका कुराहरू एकाएक सामाजिक सञ्जालमा भाइरल भएपछि छानबिन गर्दा बारा प्रहरीले आफ्नै मातहतका प्रहरी हवल्दार कुमार विकलाई नियन्त्रणमा लिएको हो ।

बारा जिल्लामै दरबन्दी भएका विकले उक्त भिडियो आफ्ना साथीलाई म्यासेन्जरमा पठाएको र त्यहीँबाट सामाजिक सञ्जालमा भाइरल भएको अनुसन्धानबाट खुलेको छ । गोपनीयताको अधिकार हनन गरेको कसुरमा थप अनुसन्धानका लागि विकलाई नियन्त्रणमा लिइएको बारा प्रहरी प्रमुख नरेन्द्र कुँवरले बताए ।

हाल उनलाई जिल्ला प्रहरी कार्यालय बाराको हिरासतमा राखेर अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

बालिकाको बलात्कार र हत्या आरोपमा पक्राउ परेका १६ वर्षीय किशोरले घटनाबारे बयान दिएको भिडियो सार्वजनिक भएपछि प्रहरीको आलोचना भइरहेको थियो ।

# कृषि उत्पादनबाट राष्ट्रको अर्थतन्त्रमा मद्दत पुगेको छ : मन्त्री श्रेष्ठ

**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठसहितको टोलीले आइतबार कोशी पम्प चन्द्रनहर सिँचाइ व्यवस्थापन कार्यालय सप्तरी राजविराज-११ र पम्प हाउसको अनुगमन गरेका छन् ।

अनुगमनका क्रममा मन्त्री श्रेष्ठले कृषि उत्पादनबाट राष्ट्रको अर्थतन्त्रमा मद्दत पुगेको बताउँदै उनले प्रारम्भिक अनुमानअनुसार सप्तरी जिल्लामा रहेको चन्द्र नहरको सहयोगमा भएको कृषि उत्पादनले मात्र राष्ट्रको अर्थतन्त्रमा नौ अर्ब बराबरको सहयोग पुगेको बताए ।

उनले भने, “चन्द्रनहर एक सय वर्ष पुरानो भएकाले चुनौती बढेको छ । यस नहरको संरक्षण, प्रवर्द्धनलगायतका लागि यस वर्ष पहिलाभन्दा तेब्बर बढी बजेट छुट्याइएको छ ।” आउँदा दिनमा चन्द्रनहरको मुहार फेर्ने काममा अग्रसर हुने उनले बताए ।

अहिलेको परिस्थितिमा जनचाहना र आजको आवश्यकताअनुसार आमनागरिकलाई उपलब्धि हुनेगरी दिगोपनका लागि काम गर्नुपर्ने आवश्यक रहेको उनले बताए । उनले यस वर्ष आकस्मिक बजेट छुट्याइएकाले अल्पकालीन र दीर्घकालीन थप काममा सहयोग पुग्ने बताए ।

स्थानीयस्तरको समस्याको पहिचान गरी प्राथमिकतामा राखेर काम गर्नुपर्ने र जिल्लामा रहेका अधुरा योजना छिटोभन्दा छिटो सम्पन्न गर्न मन्त्री श्रेष्ठले निर्देशन दिए । उनले भने, “हामीले अध्ययन र अनुसन्धानलाई प्राथमिकतामा राखेका छौँ । यस वर्ष अध्ययन र अनुसन्धान गरेर थप काम गर्नेछौँ ।”

सो अवसरमा स्थानीयले जिल्लामा सिँचाइ, मलखाद, विद्युत् र उत्पादन गरेको

*बाँकी अन्तिम पृष्ठमा*

**कर तिर्ने संस्कृतिको विकास गरौं**

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद–बिक्रीमा अनिवार्य रूपमा बिल–बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरुत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं।

**कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# उपभोक्ता अदालतको औचित्य, अभ्यास र आगामी दिशा

**बसन्त गौतम**
काठमाडौँ, ८ भदौ (रासस)।

हामी सबै नागरिक कुनै न कुनै रूपमा उपभोक्ता हौँ। खाना, औषधि, कपडा, मोबाइल, सवारीसाधन, बैङ्क तथा बीमा सेवा, स्वास्थ्य उपचार, शिक्षा, इन्टरनेट, हवाई सेवा वा दैनिक उपभोगका अन्य वस्तु तथा सेवा प्रयोग गर्दा हामी उपभोक्ता बन्छौँ। तर, वस्तु वा सेवा खरिद गर्दा ठगिएमा, गुणस्तरहीन वस्तु पाएमा वा सेवाका कारण क्षति भएमा न्याय खोज्ने प्रक्रिया भने अझै धेरै उपभोक्ताका लागि जटिल र महँगो छ। यही समस्यालाई सम्बोधन गर्न नेपालमा उपभोक्ता अदालतको व्यवस्था गरिएको हो।

नेपालको न्यायिक इतिहास र नागरिक अधिकारको विकास क्रममा २०८१ माघ २८ गते प्रकाशित राजपत्रको सूचना र २०८१ फागुन २ गते (विश्व उपभोक्ता अधिकार दिवस) का अवसरमा तत्कालीन प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतद्वारा औपचारिक उद्घाटन भई सञ्चालनमा आएको उपभोक्ता अदालत एक ऐतिहासिक र युगान्तकारी कोशेढुङ्गा हो। लामो समयदेखि वस्तु तथा सेवाको गुणस्तरहीनता, बजारको मनपरी, सिन्डिकेट, कालोबजारी, अनुचित व्यापारिक क्रियाकलाप र उपभोक्तामाथि हुने ठगीका विरुद्ध प्रभावकारी कानुनी उपचार पाउनका लागि आम नागरिकले व्यहोर्नु परेको जटिलतालाई यस अदालतको स्थापनाले अन्ततः सम्बोधन गरेको छ। बजार र प्रविधिको विकास र विस्तारसँगै उपभोक्तासँग सम्बन्धित समस्या तथा विवादहरू तीव्ररूपमा बढ्दै गएको अवस्थामा यस्तो विशिष्टीकृत अदालतको आवश्यकता महसुस गरिएको हो।

संवैधानिक दृष्टिकोणबाट हेर्दा नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने मौलिक हकको स्पष्ट प्रत्याभूति गरेको छ। यसका साथै गुणस्तरहीन वस्तु वा सेवाबाट कुनै पनि व्यक्तिलाई क्षति पुगेको खण्डमा कानुन बमोजिम उपयुक्त क्षतिपूर्ति पाउने हकलाई समेत मौलिक अधिकारकै रूपमा सुनिश्चित गरिएको छ। सोही संवैधानिक मर्मलाई व्यावहारिक रूप दिन उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अधिवक्ता कुमारी खरेलले नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई रिट निवेदन दर्ता गर्नुभएको थियो। उक्त रिटमा सर्वोच्च अदालतले २०७८ साल चैत ८ गते उपभोक्ता अदालत गठन गर्नका लागि ऐतिहासिक आदेश जारी गर्‍यो। सोही न्यायिक आदेशको कार्यान्वयन गर्दै नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१ माघ २१ गतेको निर्णय अनुसार काठमाडौँ उपत्यकाका तीन जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर) को क्षेत्राधिकार रहने गरी काठमाडौँमा उपभोक्ता अदालतको औपचारिक स्थापना भई सञ्चालनमा आएको हो।

नेपालको संविधानको धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेमा कानुन बमोजिम क्षतिपूर्ति पाउने हक सुनिश्चित गरेको छ। यसलाई कार्यान्वयन गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ जारी भयो। ऐनले उपभोक्ताको अधिकार संरक्षणसँगै उपभोक्ता विवादको न्यायिक निरूपणका लागि विशेष अदालतको व्यवस्था गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ ले सरकारले आवश्यकता अनुसार उपभोक्ता अदालत गठन गर्नसक्ने व्यवस्था गरेको छ। अदालतमा जिल्ला न्यायाधीश अध्यक्ष रहने र नेपाल न्याय सेवा तथा नेपाल सरकारका सम्बन्धित अधिकारी सदस्य रहने व्यवस्था छ। अदालतको मुकाम र क्षेत्राधिकार सरकारले तोक्ने कानुनी व्यवस्था गरिएको छ तर कानुन बनेपछि पनि लामो समयसम्म उपभोक्ता अदालत गठन भएन। अदालत गठन नभएसम्म उपभोक्ता अदालतले हेर्ने मुद्दा सम्बन्धित जिल्ला अदालतबाट हेर्ने व्यवस्था ऐनको दफा ४८ मा गरिएको थियो।

**उपभोक्ता हित संरक्षणका बहुआयामिक पक्षहरू**

आधुनिक बजार व्यवस्था, सूचना प्रविधि र ई-कमर्सको तीव्र विकाससँगै उपभोक्ताका समस्या र विवादहरू अत्यन्त बहुआयामिक र जटिल बन्दै गएका छन्। परम्परागत भौतिक बजार प्रणाली डिजिटल र भर्चुअल प्लेटफर्ममा रूपान्तरण भइरहँदा उपभोक्तामाथि हुने ठगी, भ्रमपूर्ण विज्ञापन र गैरकानुनी शुल्क असुलीका स्वरूपहरू पनि फेरिएका छन्। यस परिवेशमा उपभोक्ता हित संरक्षण केवल बजारमा गरिने आकस्मिक अनुगमन वा पसल 'सिल' गर्ने प्रशासनिक कारबाहीमा मात्र सीमित रहन सक्दैन। वस्तुतः उपभोक्ता हित संरक्षण, सुशासन कायम गर्ने प्रक्रिया र स्वच्छ बजार प्रणाली निर्माण गर्ने अभियान एकअर्कासँग अन्तरसम्बन्धित र परिपूरक रहेका छन्।

यस सन्दर्भमा उपभोक्ता हित संरक्षण मञ्च नेपालले सुशासन, उपभोक्ता हित संरक्षण र स्वच्छ बजारलाई आफ्ना प्रमुख तीन कार्यक्षेत्रका रूपमा अघि बढाउँदै आएको छ। स्थानीय, प्रादेशिक र सङ्घीय तीनवटै तहमा स्वच्छ बजार व्यवस्थापन कायम गर्नका लागि उपभोक्तासँग सम्बन्धित नीति तथा कानुनमा सहजीकरण गर्ने कार्य मञ्चले गर्दै आएको छ। यसका साथै आम नागरिकको हितसँग जोडिएका विषयमा उपभोक्ता सरोकारको मुद्दा वा सार्वजनिक हितको मुद्दामार्फत न्यायिक निकायमा बहस पैरवी गर्ने काम भइरहेको छ। अर्कोतर्फ, उपभोक्ता अधिकारलाई आधारभूत मानवअधिकारकै अङ्गका रूपमा स्थापित गर्दै व्यवसाय र मानवअधिकारको अवधारणालाई प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ।

त्यस्तै, उपभोक्ता हित संरक्षणको अर्को महत्वपूर्ण आयाम जनस्वास्थ्य र नसर्ने रोगहरूको रोकथामसँग जोडिएको छ। बजारमा उपलब्ध हुने खाद्यवस्तु र पेय पदार्थको गुणस्तरले नागरिकको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने भएकाले सुर्तीजन्य र मदिराजन्य पदार्थको उपभोग नियन्त्रण एवं नियमनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ। प्याकेट बन्द खाद्यवस्तुहरूमा अग्रभागको लेबलिङ अनिवार्य गर्ने, अत्यधिक नून र चिनी भएका हानिकारक खानेकुराको बिक्रीमा नियन्त्रण गर्ने तथा स्वच्छ खानपान र शारीरिक व्यायाम सम्बन्धी चेतना फैलाउने कार्यहरू पनि उपभोक्ता हित संरक्षणकै अभिन्न अङ्गका रूपमा रहेका छन्।

**उपभोक्ता अदालतको क्षेत्राधिकार, प्रक्रिया र प्रारम्भिक अभ्यास**

उपभोक्ता अदालतको कानुनी अधिकारक्षेत्र र क्षेत्राधिकारको दायरालाई उपभोक्ता संरक्षण ऐन, २०७५ ले स्पष्ट रूपमा परिभाषित गरेको छ। उक्त ऐनको दफा ५८ अनुसार नेपाल सरकार वादी हुने फौजदारी प्रकृतिका कसुरहरूसम्बन्धी मुद्दाहरू उपभोक्ता अदालतमा चल्ने व्यवस्था गरिएको छ। त्यसैगरी ऐनको दफा ५० बमोजिम व्यवसायी वा सेवा प्रदायकको अनुचित कार्यबाट क्षति पुगेको अवस्थामा क्षतिपूर्तिको दाबी गर्न सकिने देवानी प्रकृतिका मुद्दाहरू पनि यसै अदालतको अधिकारक्षेत्रभित्र पर्दछन्।

अदालत समक्ष शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य कुनै पनि किसिमको क्षति व्यहोर्नुपरेमा क्षतिपूर्तिको दाबी लिएर पुग्न सकिने व्यवस्था छ। यस्तो क्षतिपूर्तिको दाबी मर्का पर्ने उपभोक्ता स्वयंले दर्ता गराउन सक्दछन्। यदि उपभोक्ता स्वयं अदालत जान असमर्थ भएमा वा निजको मृत्यु भएको अवस्थामा निजको हकवाला वा निजको तर्फबाट दर्तावाल उपभोक्ता सङ्घसंस्थाले समेत मुद्दा दायर गर्न सक्ने लचिलो कानुनी व्यवस्था गरिएको छ। यस व्यवस्थाले कानुनी प्रक्रियामा आम नागरिकको पहुँचलाई सुगम बनाएको छ।

उपभोक्ता अदालत सञ्चालनमा आएको छोटो अवधिभित्रै केही अत्यन्त महत्त्वपूर्ण र नजीरयोग्य मुद्दाहरूको सुनुवाइ भई फैसलाहरू समेत भइसकेका छन्। उदाहरणका लागि, अधिवक्ता वसन्त गौतमविरुद्ध ओम हस्पिटल एण्ड रिसर्च सेन्टरसमेत भएको मुद्दामा स्वास्थ्य सेवा जस्तो संवेदनशील क्षेत्रमा भएको लापरबाही र अनुचित व्यापारिक क्रियाकलापका विरुद्ध क्षतिपूर्तिको सिद्धान्त प्रतिपादन भएको छ। त्यसैगरी सावित्री खत्री थापाविरुद्ध स्वस्तिक शिल्भर प्यालेस समेतको मुद्दामा गुणस्तरहीन वस्तुको बिक्री तथा व्यापारिक ठगीविरुद्ध उपभोक्ताको पक्षमा महत्त्वपूर्ण निर्णय भएको छ। यी सुरुआती न्यायिक फैसलाहरूले आम नागरिकमा आफूमाथि भएको अन्यायविरुद्ध कानुनी उपचार पाइन्छ भन्ने आत्मविश्वास र भरोसा जगाउन सफल भएका छन्।

**दुष्कृति र मास टर्ट/क्लास एक्सनको नयाँ सम्भावना**

नेपालको कानुनी अभ्यासमा दुष्कृति ऐनको प्रयोग अहिलेसम्म निकै सीमित र प्रारम्भिक चरणमा मात्र रहेको थियो तर उपभोक्ता अदालतको गठनसँगै दुष्कृति कानुन अन्तर्गत 'मास टर्ट' र 'क्लास एक्सन' (समूहगत वा वर्गगत मुद्दा) को नयाँ सम्भावनाको ढोका खुलेको छ। जब कुनै व्यवसायी, उद्योग वा सेवाप्रदायकको कुनै कार्य वा अकर्मण्यता/लापरबाहीका कारण ठूलो सङ्ख्याका उपभोक्ता वा सिङ्गो समाज नै प्रभावित हुन्छ, तब प्रत्येक पीडितले छुट्टाछुट्टै मुद्दा हाल्नुको सट्टा सामूहिक रूपमा वर्गगत मुद्दा चलाउन सक्ने कानुनी वातावरण बनेको छ।

अन्तरराष्ट्रिय न्यायिक अभ्यासमा यस्ता सामूहिक मुद्दाहरूको ठूलो महत्त्व रहेको छ। फक्सवागन कम्पनीले सवारी साधनको उत्सर्जन परीक्षणमा गरेको धाँधली, एप्पल कम्पनीले पुराना फोनहरूको ब्याट्री स्लो गराएको काण्ड वा फेसबुकले प्रयोगकर्ताहरूको व्यक्तिगत डाटा गोपनीयता उल्लङ्घन गरेको विषयमा परेका 'क्लास एक्सन' मुद्दाहरू यसका उत्कृष्ट उदाहरण हुन्। नेपालको बजारमा पनि यस्तै किसिमका सामूहिक ठगी र लापरबाहीका अनेकौँ सम्भावित क्षेत्रहरू रहेका छन्।

खासगरी खाद्यवस्तु बिग्रन वा किरा नलागोस् भनी चामल तथा खाद्यान्नमा घातक विषादी मिसाउने कार्य, तोकिएको तौलभन्दा कम अर्थात् आधा मात्र ग्यास भरिएका एलपीजी सिलिन्डर बिक्री वितरण गर्ने प्रवृत्ति, गलत वा त्रुटिपूर्ण प्याथोलोजी ल्याब रिपोर्टका आधारमा हुने गलत स्वास्थ्य उपचार तथा विद्युत्, टेलिफोन, इन्टरनेट, बैङ्किङ वा सार्वजनिक यातायातजस्ता अत्यावश्यकीय सेवामा उपभोक्ताबाट गैरकानुनी रूपमा उठाइने अतिरिक्त शुल्कहरू मास टर्टका प्रत्यक्ष उदाहरण हुन्। यस्ता प्रकृतिका व्यापक ठगीविरुद्ध सामूहिक रूपमा क्लास एक्सन मुद्दाहरू उल्लेख्य रूपमा दर्ता गर्ने र गराउने दायित्व हामी सबैको हो।

**सातै प्रदेशमा विस्तार र उपभोक्ता अदालतको सफलताका शर्तहरू**

वर्तमान अवस्थामा उपभोक्ता अदालतको कानुनी क्षेत्राधिकार काठमाडौँ उपत्यकाका तीन जिल्लामा मात्र सीमित रहेको छ। तर नेपालको सङ्घीय ढाँचा अनुसार देशका सातै प्रदेशमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरू उपभोक्ता हुन् र उनीहरू पनि उत्तिकै ठगी, मिसावट र व्यापारिक शोषणको जोखिममा रहेका छन्। त्यसैले उपभोक्ता न्यायको पहुँचलाई देशव्यापी बनाउन काठमाडौँमा सीमित अदालतलाई अविलम्ब सातै प्रदेशमा विस्तार गर्नु अनिवार्य भइसकेको छ।

सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापना र अदालतको सफलता नै उपभोक्ताको सफलता हो भन्ने मान्यतालाई आत्मसात गर्दै यसलाई सफल बनाउन केही महत्वपूर्ण कानुनी र व्यावहारिक कदमहरू चाल्नुपर्छ। उपभोक्ता संरक्षण ऐन, २०७५ बाहेक वस्तु तथा सेवासँग सम्बन्धित अन्य विशेष ऐनहरू जस्तै–खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, गुणस्तर तथा नापतौल ऐन, औषधि ऐन, र सवारी तथा यातायात व्यवस्था ऐनलगायतका कानुनअन्तर्गतका कसुरहरूको सुरु कारबाही र किनारा गर्ने अधिकार पनि उपभोक्ता अदालतलाई नै तोक्न आवश्यक कानुनी संशोधन र पहल गरिनुपर्छ।

उपभोक्ता संरक्षण ऐनको दफा ५८ अनुसार नेपाल सरकारवादी हुने फौजदारी प्रकृतिका मुद्दाहरू उल्लेख्य रूपमा दर्ता गराउन सरकारी वकिल र अनुगमन निकायहरूले सक्रियता देखाउनुपर्छ। कानुन व्यवसायीहरूका लागि पनि यो एक नयाँ र फराकिलो कार्यक्षेत्र हो। कानुन व्यवसायीहरूले केवल परम्परागत फौजदारी वा देवानी मुद्दामा मात्र सीमित नरही उपभोक्ता हित, टर्ट ल र क्लास एक्सनको क्षेत्रमा आफ्नो पेसागत दायरा र दक्षता विस्तार गर्नुपर्छ। उता सञ्चारमाध्यम र नागरिक समाजले पनि बजारका विकृतिहरूको पर्दाफास गर्दै पीडित उपभोक्तालाई कानुनी उपचारको प्रक्रियासम्म पुर्‍याउन र सातै प्रदेशमा उपभोक्ता अदालतको स्थापनालाई सफल बनाउन सहयोग र अभिभावकीय भूमिका निर्वाह गर्नु आवश्यक छ।

समग्रमा भन्नुपर्दा, उपभोक्ता संरक्षण केवल बजारमा गरिने सामान्य निरीक्षण वा प्रशासनिक सजायमा मात्र सीमित विषय होइन। यो नागरिकको संवैधानिक मौलिक हक, जनस्वास्थ्य, मानव अधिकार र मुलुकको समग्र सुशासनसँग प्रत्यक्ष जोडिएको गम्भीर मुद्दा हो। सर्वोच्च अदालतको ऐतिहासिक निर्देशनात्मक आदेश, मन्त्रिपरिषद्को निर्णय र उपभोक्ता अदालतको औपचारिक सञ्चालनले नेपालमा उपभोक्ता न्यायको एक नयाँ बिहानीको सुरुवात गरेको छ। अहिले प्रारम्भिक चरणमा रहेको काठमाडौँ उपत्यकाको उपभोक्ता अदालतलाई आवश्यक स्रोत-साधन र जनशक्ति उपलब्ध गराई बलियो बनाउँदै सातै प्रदेशमा यसको संरचना विस्तार गरिनुपर्छ। राज्यका निकाय, अदालत, कानुन व्यवसायी, सञ्चारमाध्यम, नागरिक समाज र उपभोक्ता स्वयं जागरूक र जिम्मेवार बनेमा मात्र स्वच्छ बजार, सुरक्षित उपभोक्ता र सुशासित समाजको राष्ट्रिय सङ्कल्प पूरा हुनसक्छ। (लेखक अधिवक्ता एवं उपभोक्ता अधिकारको क्षेत्रमा क्रियाशील हुनुहुन्छ।)


**बाढी/पहिरोबाट सतर्क रहौं।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# कागज र प्लास्टिकका कपमा चिया : स्वास्थ्य जोखिम कति ?



**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

हाम्रो समाजमा चिया एउटा लोकप्रिय तातो पेय पदार्थको रुपमा स्थापित भइसकेको छ । बिहानको सुरुवात पानीको साटो चियासँगै हुने गरेको छ । चियाले दैनिक जिवनमा एउटा अतिविशिष्ट स्थान ओगेटेको छ । बिहानको सुरुवातदेखि कार्यालय, बजार, होटल तथा चिया पसलसम्म चियाको खपत व्यापक छ । यति मात्र नभएर घरमा कुनै पाहुना आउँदा पनि गफको सुरुवात चिया बाटै हुनेगर्दछ ।

पछिल्लो समय चिया खुवाउन सिसा, स्टिल वा माटोका कपको सट्टा कागज र प्लास्टिकका डिस्पोजेबल कपको प्रयोग तीव्र रूपमा बढिरहेको छ । सस्तो, हलुका, सजिलो र प्रयोग गरेपछि फाल्न मिल्ने भएकाले यस्ता कप व्यवसायी र उपभोक्ता दुवैको रोजाइमा परेका छन् । तर अत्यधिक तातो चिया यस्ता कपमा राखेर सेवन गर्दा स्वास्थ्यमा कति जोखिम हुन्छ भन्ने विषयमा भने पर्याप्त बहस र जनचेतना हुन सकेको छैन ।

कागजको कप बाहिरबाट हेर्दा कागजकै बनेको जस्तो देखिए पनि धेरै डिस्पोजेबल पेपर कपको भित्री भागमा पानी नछिर्ने बनाउन प्लास्टिकको तह लगाइएको हुन्छ । सामान्यतया यस्तो तहमा पोलिथिनजस्ता प्लास्टिक प्रयोग गरिन्छ । त्यसैले कागजको कपलाई पूर्ण रूपमा 'प्लास्टिकरहित' वा जोखिमरहित मान्नु सही हुँदैन । अनुसन्धानमा तातो पानीसँग सम्पर्क हुँदा पेपर कपको भित्री प्लास्टिक तहबाट माइक्रोप्लास्टिक तथा अन्य पदार्थ निस्कन सक्ने देखिएको छ ।

राजविराजलगायत सप्तरीका बजार क्षेत्रमा पनि चिया पसलको संख्या ठूलो छ र ग्राहकलाई छिटो सेवा दिन डिस्पोजेबल कपको प्रयोग बढिरहेको देखिन्छ । सडक किनारका चिया पसल, कार्यालय आसपासका पसल तथा विभिन्न सार्वजनिक कार्यक्रमहरूमा कागज र प्लास्टिकका कप व्यापक रूपमा प्रयोग भइरहेका छन् । एक कप चियाका लागि प्रयोग गरिएको सामग्री केही मिनेटमै फोहोर बन्ने अवस्था छ ।

यसले व्यवसायी र उपभोक्ता दुवैलाई सोच्नुपर्ने अवस्था सिर्जना गरेको छ । चिया पसलमा सम्भव भएसम्म स्टिल, सिसा, सिरेमिक वा माटोका पुनःप्रयोग गर्न मिल्ने कप प्रयोग गर्न सकिन्छ । विशेषगरी स्थायी चिया पसल र होटलमा पुनःप्रयोग हुने कप प्रयोग गर्नु स्वास्थ्य तथा वातावरण दुवै दृष्टिले व्यावहारिक विकल्प हुन सक्छ । ग्राहकले पनि सम्भव भए सुरक्षित पुनःप्रयोगयोग्य कप प्रयोग गर्न आग्रह गर्न सक्छन् ।

सन् २०२१ मा प्रकाशित एक अनुसन्धानमा ८५-९० डिग्री सेल्सियस तातो पानी पेपर कपमा १५ मिनेट राख्दा माइक्रोप्लास्टिक कण र केही आयनहरू पानीमा सरेको पाइएको थियो । उक्त अध्ययनमा कपको भित्री तहमा केही भारी धातुहरू पनि पहिचान गरिएको थियो । तर यो प्रयोगशालामा गरिएको अध्ययन भएकाले त्यसबाट मानिसले चिया पिउँदा निश्चित रूपमा त्यति नै स्वास्थ्य क्षति हुन्छ भन्ने निष्कर्ष निकाल्न भने मिल्दैन ।

अर्को अध्ययनले पनि तातो पेय पदार्थ राख्दा डिस्पोजेबल पेपर, पोलिप्रोपिलिन र पोलिस्टाइरिन कपबाट माइक्रोप्लास्टिक निस्कन सक्ने देखाएको छ । ९५ डिग्री सेल्सियस पानी २० मिनेट राख्दा परीक्षण गरिएका सबै प्रकारका कपमा माइक्रोप्लास्टिक निस्किएको पाइएको थियो । अध्ययनले तापक्रम बढ्दा माइक्रोप्लास्टिक निस्कने प्रवृत्ति बढ्न सक्ने संकेत गरेको छ ।

प्लास्टिकका कपको अवस्था पनि चिन्तामुक्त छैन । प्लास्टिकका कप विभिन्न प्रकारका हुन्छन् र सबै प्लास्टिकको व्यवहार एउटै हुँदैन । पोलिप्रोपिलिन, पोलिस्टाइरिन तथा अन्य प्लास्टिकबाट बनेका कपमा तातो पदार्थ राख्दा तिनीहरूको सतहमा परिवर्तन आउन सक्ने र सूक्ष्म प्लास्टिक कण पेय पदार्थमा मिसिन सक्ने अनुसन्धानले देखाएको छ । सन् २०२४ को एउटा अध्ययनले एकपटक प्रयोग हुने विभिन्न कपमा तापक्रम र सम्पर्कको समयअनुसार माइक्रोप्लास्टिकको मात्रा फरक हुने देखाएको थियो ।

यस विषयमा एउटा महत्वपूर्ण सावधानी भनेको 'माइक्रोप्लास्टिक निस्कियो' भन्ने तथ्यलाई 'त्यसले मानिसलाई निश्चित रूपमा गम्भीर रोग लगाउँछ' भनेर व्याख्या नगर्नु हो । माइक्रोप्लास्टिक मानिसको शरीरमा प्रवेश गरेपछि दीर्घकालीन रूपमा कस्तो असर पार्छ भन्ने विषयमा अझै अनुसन्धान भइरहेको छ । उपलब्ध अध्ययनहरूले सम्भावित जोखिमबारे चेतावनी दिएका छन्, तर सामान्य चिया सेवनबाट हुने वास्तविक मानव स्वास्थ्य जोखिमको मात्रा अझै स्पष्ट रूपमा निर्धारण भइसकेको छैन । २०२३ को एक अध्ययनले पनि माइक्रोप्लास्टिकको मात्रा अनुमान गरे पनि त्यसको मानव स्वास्थ्यमा हुने जोखिमलाई निश्चित रूपमा परिमाण निर्धारण गर्न पर्याप्त मयकभ-चभकउयलकभ र तयहष्अष्तथ मबतब उपलब्ध नभएको उल्लेख गरेको थियो ।

कागजका कपमा प्लास्टिक मात्र होइन, कपको उत्पादन प्रक्रियामा प्रयोग हुने अन्य रसायन पनि चासोको विषय बन्न सक्छन् । हालैको एक अध्ययनले पोलिथिन र पोलिस्टाइरिनमा आधारित पेय पदार्थका कपमा phthalates, bisphenols लगायतका केही रसायनको सम्भावित migration परीक्षण गरेको छ । यस्तो अनुसन्धानले खाद्य तथा पेय पदार्थसँग सम्पर्कमा आउने सामग्रीको गुणस्तर र नियमनको महत्व देखाउँछ ।

कागजका खाद्य प्याकेजिङ सामग्रीमा प्रयोग हुन सक्ने PFAS जस्ता रसायन पनि अन्तर्राष्ट्रिय रूपमा खाद्य सुरक्षा बहसको विषय बनेका छन् । अमेरिकी खाद्य तथा औषधि प्रशासन ( FDA) का अनुसार खाद्य सम्पर्कमा प्रयोग हुने केही PFAS सम्बन्धी grease–proofing सामग्रीबाट आहारमार्फत exposure को सम्भावना भएकाले अमेरिकामा त्यस्ता सामग्रीको प्रयोग चरणबद्ध रूपमा हटाइएको छ । यसको अर्थ नेपालमा प्रयोग हुने प्रत्येक पेपर कपमा PFAS हुन्छ भन्ने होइन; तर खाद्य सम्पर्कमा आउने कागजी सामग्रीको गुणस्तर र रासायनिक संरचनाको नियमन आवश्यक छ भन्ने विषय यसले देखाउँछ ।

स्थानीय तह तथा सम्बन्धित सरकारी निकायले बजारमा प्रयोग भइरहेका खाद्य तथा पेय पदार्थ सम्पर्कमा आउने सामग्रीको गुणस्तर अनुगमन गर्न आवश्यक छ । चिया पसल तथा होटलमा प्रयोग हुने डिस्पोजेबल कप तातो पेय पदार्थका लागि उपयुक्त छन् कि छैनन्, तिनमा आवश्यक खाद्य-सुरक्षा मापदण्ड पूरा भएको छ कि छैन भन्ने विषयमा परीक्षण र जनचेतना आवश्यक छ ।

त्यसैगरी व्यवसायीलाई सुरक्षित विकल्प प्रयोग गर्न प्रोत्साहन गर्ने नीति आवश्यक छ । डिस्पोजेबल कपको प्रयोग घटाउँदै पुनःप्रयोग गर्न मिल्ने कपको प्रयोग बढाउन सकिएमा फोहोर पनि कम हुन्छ । विद्यालय, कार्यालय, सरकारी कार्यक्रम तथा सार्वजनिक समारोहमा समेत एकपटक प्रयोग हुने प्लास्टिक र प्लास्टिक-लेपित कागजी कपको प्रयोग घटाउने अभियान सञ्चालन गर्न सकिन्छ ।

चिया हाम्रो दैनिक जीवनको सामान्य पेय पदार्थ भए पनि त्यसलाई राख्ने कपको विषय सामान्य विषय मात्र होइन । तातो चियाका लागि सुरक्षित कप रोज्नु, डिस्पोजेबल प्लास्टिकको प्रयोग घटाउनु र खाद्य सम्पर्कमा आउने सामग्रीको गुणस्तरमा कडाइ गर्नु आजको आवश्यकता हो । स्वास्थ्यमा सम्भावित जोखिम कम गर्नुका साथै वातावरण जोगाउन पनि सिसा, स्टिल, सिरेमिक वा माटोका पुनःप्रयोगयोग्य कपतर्फ फर्कनु उपयुक्त देखिन्छ । वैज्ञानिक तथ्यका आधारमा जनचेतना बढाउँदै व्यवसायी, उपभोक्ता र नियामक निकाय सबैले जिम्मेवारीपूर्वक कदम चाल्नुपर्ने समय आएको छ । च्याटजिपिटको सहयोगमा

## विश्व समाचार

### न्युजिल्यान्डले बालबालिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने

वेलिङ्टन, ८ भदौ (रासस/एएफपी) ।

न्युजिल्यान्ड सरकारले १६ वर्षमुनिका बालबालिकालाई इन्स्टाग्राम, टिकटक, फेसबुक र स्न्यापच्याटजस्ता सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने कानून अघि बढाएको छ । सरकारले सामाजिक सञ्जालका कारण बालबालिकाको मानसिक स्वास्थ्य, निद्रा, पारिवारिक जीवन र शिक्षामा असर परेको भन्दै कडा उमेर सीमा प्रस्ताव गरेको हो ।

प्रधानमन्त्री क्रिस्टोफर लक्सनले बालबालिकामाथि सामाजिक सञ्जालको बढ्दो प्रभाव स्वीकार गर्न नसकिने बताउनुभयो । उहाँका अनुसार १३ देखि १७ वर्ष उमेर समूहका तीनमध्ये एक बालबालिकाले दैनिक कम्तीमा पाँच घण्टा सामाजिक सञ्जालमा बिताउने गरेका छन् । सामाजिक सञ्जालले उनीहरूलाई हानिकारक सामग्री, लत लगाउने प्रविधि र मानसिक दबाबको जोखिममा पारिरहेको उहाँको भनाइ छ ।

प्रस्तावित व्यवस्थाअनुसार सामाजिक सञ्जाल कम्पनीले प्रयोगकर्ताको उमेर १६ वर्षभन्दा बढी भए-नभएको सुनिश्चित गर्नुपर्नेछ । त्यसका लागि खाता विवरण, अनुहारबाट उमेर अनुमान गर्ने प्रविधि, डिजिटल परिचयपत्र वा औपचारिक परिचयपत्र प्रयोग गर्न सकिनेछ । नियम उल्लङ्घन गर्ने मेटालगायत कम्पनीलाई विश्वव्यापी राजस्वको १० प्रतिशतसम्म जरिवाना हुन सक्नेछ । बालबालिका वा उनीहरूका अभिभावकलाई भने दण्ड नहुने शिक्षामन्त्री एरिका स्ट्यानफोर्डले बताउनुभयो ।

तर प्रस्तावित कानूनलाई राजनीतिक चुनौतीसमेत देखिएको छ । सरकारमा सहभागी एक्ट पार्टी र एनजेड फर्स्टले यसको विरोध गरेका छन् । अस्ट्रेलियामा यस्तै व्यवस्था प्रभावकारी नभएको र किशोरकिशोरीले प्रतिबन्ध छल्न सक्ने उनीहरूको तर्क छ । मुख्य विपक्षी लेबर पार्टीले पनि उमेर प्रमाणीकरण कसरी गरिने र कुन प्लेटफर्मलाई प्रतिबन्धमा समेटिने भन्ने विषयमा थप स्पष्टता मागेको छ ।

लेबरका प्रवक्ता रुबेन डेभिडसनले अनलाइन वातावरण जटिल बन्दै गएकाले युवाको सुरक्षासम्बन्धी जोखिमलाई गम्भीर रूपमा लिनुपर्ने बताउनुभयो ।

अस्ट्रेलियाले गत डिसेम्बरमा १६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने विश्वकै पहिलो कानून लागू गरेको थियो । बेलायत, फ्रान्सलगायतका देशले पनि यस्तै उपाय अघि बढाएका छन् । यद्यपि, गत जुनमा प्रकाशित एक अध्ययनले अस्ट्रेलियाको प्रतिबन्धपछि किशोरकिशोरी सामाजिक सञ्जालबाट उल्लेख्य रूपमा टाढिएको प्रमाण निकै कम रहेको देखाएको थियो ।

### इरान युद्ध नयाँ चरणमा जाने जोनसनको संकेत

वासिङ्टन, ८ भदौ (रासस/एएनआई) ।

अमेरिकी प्रतिनिधिसभाका अध्यक्ष माइक जोनसनले इरानसँगको जारी द्वन्द्व चाँडै नयाँ चरणमा प्रवेश गर्ने बताउँदै अमेरिकी सहयोगी राष्ट्रहरू पनि त्यसमा सहभागी हुने सङ्केत गर्नुभएको छ । उहाँले राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा इरानलाई आणविक हतियार विकास गर्नबाट रोकिएको दाबी गर्दै सैन्य अभियानको उद्देश्य पूरा भएको बताउनुभयो ।

फक्स न्युजसँग आइतबारको अन्तर्वार्तामा उहाँले इरानलाई आणविक हतियार प्राप्त गर्नबाट रोक्नु विगत पाँच दशकदेखि अमेरिकी प्रशासनहरूको साझा लक्ष्य रहेको र राष्ट्रपति ट्रम्पले त्यो उद्देश्य पूरा गर्नुभएको दाबी गर्नुभयो । इरानसँगको वार्तामा मुख्य चुनौती विश्वासको अभाव रहेको बताउँदै उहाँले 'वार्ताको टेबलको अर्को छेउमा रहेका इरानीहरूलाई विश्वास गर्न सकिँदैन' भन्नुभयो ।

जोनसनले इरानमा जारी सैन्य संलग्नताप्रति अमेरिकाभित्र असन्तुष्टि बढे पनि रिपब्लिकन पार्टीले आगामी नोभेम्बर ३ को मध्यावधि निर्वाचनमा प्रतिनिधिसभाको बहुमत कायम राख्ने दाबी गर्नुभयो । उहाँले निर्वाचनअघि द्वन्द्व समाधान भए त्यसले पार्टीलाई थप सहयोग पुग्ने बताउनुभयो । युद्धका कारण ऊर्जा लागत र मुद्रास्फीति बढेको तथा अमेरिकामा पेट्रोलको मूल्य प्रतिग्यालन चार अमेरिकी डलरभन्दा माथि पुगेको विषय पनि राजनीतिक बहसमा आएको छ ।

राष्ट्रपति ट्रम्पका प्रमुख सहयोगी जोनसनले इरानको मुख्य खतरा समाप्त पारिएको दाबी गर्दै 'हामीले मुख्य खतरा हटाएका छौँ' भन्नुभयो । आणविक हतियार विकास गर्नबाट इरानलाई रोक्नु सैन्य अभियानको प्रमुख उद्देश्य रहेको उहाँले दोहोऱ्याउनुभयो ।

ट्रम्प प्रशासनले इरानविरुद्धको सैन्य कारबाही आणविक क्षमता विकास रोक्न गरिएको बताउँदै आएको छ । फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध संयुक्त सैन्य कारबाही गरेपछि सर्वोच्च नेता अली खामेनीसहित केही वरिष्ठ अधिकारीको मृत्यु भएको थियो । त्यसपछि तेहरानले हर्मुजको जलघाँटी हुँदै समुद्री आवागमन रोक्नुका साथै मध्यपूर्वस्थित अमेरिकी सैन्य प्रतिष्ठानमा ड्रोन तथा क्षेप्यास्त्र आक्रमण गरेको थियो ।

अप्रिलमा प्रारम्भिक युद्धविराम भए पनि क्षेत्रमा तनाव र सीमित सैन्य आदानप्रदान जारी रह्यो । पछिल्ला सातामा सक्रिय युद्ध घटेको भए पनि राष्ट्रपति ट्रम्पले इरानमाथि थप आर्थिक प्रतिबन्ध लगाउने घोषणा गर्नुभएको छ । अमेरिका, इजरायल र इरानबीच अनिश्चित युद्धविराम कायम रहे पनि समुद्री सुरक्षाको जोखिम यथावत् छ ।

इरानी अधिकारीहरूले हर्मुजको जलघाँटीमाथिको नियन्त्रण नछाड्ने अडान राख्दै आएका छन् । उक्त जलमार्गमा अवरोध हुँदा विश्व बजारमा इन्धन तथा प्राकृतिक ग्यासको मूल्य बढेको छ । जोनसनले भने हर्मुजमा तेल ट्याङ्करको आवागमन बढेको रिपोर्टसमेत उल्लेख गर्दै 'हामी चरणबद्ध रूपमा काम गरिरहेका छौँ' भन्नुभयो ।

# पर्सा राष्ट्रिय निकुञ्जमा बाघको संख्या ७१ पुगेपछि 'सिएटिएस' प्रमाणीकरण सुरु

जनकपुरधाम, ८ भदौ (रासस) ।
पर्सा राष्ट्रिय निकुञ्जमा पाटेबाघको सङ्ख्या बढेसँगै संरक्षण व्यवस्थापनलाई अन्तरराष्ट्रिय मापदण्ड अनुकूल बनाउन बाघ संरक्षणका लागि सुनिश्चित व्यवस्थापन अन्तरराष्ट्रिय मापदण्ड (सिए टिएस) प्रमाणीकरण प्रक्रिया सुरु भएको छ ।

सन् २०२२ मा ४१ वयस्क बाघ रहेको पर्सा निकुञ्जमा सन् २०२६ को गणनाअनुसार बाघको सङ्ख्या ७१ पुगेपछि संरक्षण उपलब्धिलाई दीर्घकालीन र गुणस्तरीय व्यवस्थापनमा रूपान्तरण गर्न सिए टिएस प्रक्रिया अघि बढाइएको हो ।

यसै क्रममा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको आयोजनामा पर्सा राष्ट्रिय निकुञ्जमा सम्पन्न सिए टिएस कार्यशालामा विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्य, निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडा, जेडएसएल नेपाल, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, सुरक्षा निकाय, निकुञ्जका कर्मचारी, उपभोक्ता समिति तथा स्थानीय सरोकारवालाको सहभागिता थियो ।

कार्यशालामा सिए टिएसको प्रारम्भिक तयारी, स्वमूल्याङ्कन, व्यवस्थापन सुधार, प्रमाण सङ्कलन तथा सरोकारवालाबीच समन्वयका विषयमा छलफल भएको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले जानकारी दिनुभयो ।

कार्यशालामा वरिष्ठ इकोलोजिष्ट आचार्यले बाघको सङ्ख्या बढ्नु मात्र पर्याप्त नभई त्यसलाई दीर्घकालसम्म टिकाइराख्न बासस्थान, आहारा, सुरक्षा तथा समग्र व्यवस्थापनको गुणस्तरमा निरन्तर सुधार आवश्यक रहेको बताउनुभयो । उहाँले सिए टिएसले बाघको सङ्ख्या मात्र नभई बाघ संरक्षणका लागि आवश्यक समग्र व्यवस्थापन प्रणालीलाई अन्तरराष्ट्रिय मापदण्डका आधारमा मूल्याङ्कन गर्ने भएकाले पर्साका लागि यो महत्वपूर्ण अवसर भएको बताउनुभयो ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत खतिवडाले सन् २०२२ देखि २०२६ सम्म पर्सामा बाघको सङ्ख्या ४१ बाट बढेर ७१ पुग्नु संरक्षणको महत्वपूर्ण उपलब्धि भए पनि अबको चुनौती बाघसँगै स्थानीय समुदायलाई सुरक्षित राख्नु रहेको बताउनुभयो । उहाँले संरक्षणबाट स्थानीय समुदायले प्रत्यक्ष लाभ पाउने वातावरण निर्माण गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।

उहाँका अनुसार निकुञ्जको 'बाघ मित्र अभियान'लाई सिए टिएस प्रक्रियासँग जोडेर मानव-बाघ सहअस्तित्व, समुदायको सुरक्षा, सचेतना तथा सहभागितालाई थप प्रभावकारी बनाउन सकिन्छ ।

कार्यशालामा सहभागी सरोकारवालाले सिए टिएसलाई निकुञ्जले प्रमाणपत्र प्राप्त गर्ने प्रक्रियाका रूपमा मात्र नभई निकुञ्ज, मध्यवर्ती क्षेत्र, सुरक्षा निकाय, संरक्षण साझेदार तथा स्थानीय समुदायको साझा अभियानका रूपमा अघि बढाउनुपर्नेमा जोड दिएका थिए ।

सिए टिएसले बाघको सङ्ख्या मात्र नभई बासस्थान, आहारा, सुरक्षा, व्यवस्थापन, वैज्ञानिक अनुगमन, समुदायको सहभागिता, मानव-बाघ द्वन्द्व, पर्यटन तथा बाघको दीर्घकालीन अवस्थालगायत विषयको समग्र मूल्याङ्कन गर्नेछ ।

अब दर्ता, स्वमूल्याङ्कन, सुधार योजना निर्माण, अनुपालनसम्बन्धी दस्तावेज तयारी, राष्ट्रिय समीक्षा, स्वतन्त्र मूल्याङ्कन तथा अन्तरराष्ट्रिय निर्णयसम्मको प्रक्रिया अघि बढाइनेछ ।

यस क्रममा बासस्थान तथा आहारा संरक्षण, चोरी-सिकार नियन्त्रण, स्मार्ट पेट्रोलिङ, मानव-बाघ द्वन्द्व व्यवस्थापन, वैज्ञानिक अनुगमन तथा समुदाय सहभागितालाई प्राथमिकता दिइने प्रमुख संरक्षण अधिकृत खतिवडाको भनाइ छ ।

बाघको सङ्ख्या बढ्दै गएको अवस्थामा सिए टिएस प्रमाणीकरण प्रक्रियाले पर्सा राष्ट्रिय निकुञ्जको संरक्षण व्यवस्थापनलाई थप वैज्ञानिक, व्यवस्थित र अन्तरराष्ट्रिय मापदण्ड अनुकूल बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । संरक्षणको सफलता प्रमाणपत्र प्राप्त गर्नुमा मात्र नभई बाघ सुरक्षित, वन क्षेत्र स्वस्थ तथा स्थानीय समुदाय सुरक्षित र संरक्षणको सक्रिय साझेदार बन्नुमा निर्भर रहने उहाँले बताउनुभयो ।

# विज्ञापनको बजार स्वच्छ र पारदर्शी बनाउन सरकार प्रतिबद्ध : सञ्चारमन्त्री

काठमाडौँ, ८ भदौ (रासस) ।
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नेपालको विज्ञापन बजारलाई स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी र व्यावसायिक बनाउन सरकारले समग्र विज्ञापन चक्र सुधार गर्ने गरी काम गरिरहेको बताउनुभएको छ ।

सञ्चारमन्त्री डा तिमिल्सिनासँग सोमबार यहाँ राष्ट्रिय विज्ञापन सङ्घ नेपालका पदाधिकारीले गर्नुभएको भेटमा उहाँले विगतमा सरकारी विज्ञापन वितरणमा आर्थिक अनियमितता देखिएको विषयलाई सरकारले गम्भीरतापूर्वक लिएको बताउनुभयो । अब सरकारी विज्ञापन वितरणमा त्यस्ता समस्या दोहोरिन नदिन विज्ञापन चक्रसँग जोडिएका सबै पक्षले आफ्नो जिम्मेवारी पारदर्शी र व्यावसायिक ढङ्गले निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले केही समयअघि मात्रै राष्ट्रिय विज्ञापन नीति जारी भएको उल्लेख गर्दै विज्ञापन क्षेत्रलाई व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धी बनाउन नीतिगत सुधारलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने बताउनुभयो । विज्ञापनदाता, विज्ञापन एजेन्सी, सञ्चारमाध्यम, नियामक निकाय तथा उपभोक्तासहित विज्ञापन बजारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिएका सबै पक्षको भूमिका महत्त्वपूर्ण हुने उहाँले उल्लेख गर्नुभयो ।

मन्त्री तिमिल्सिनाले पछिल्ला वर्षमा डिजिटल माध्यमको तीव्र विकाससँगै विज्ञापन गर्ने शैली र विज्ञापनका उपभोक्ताको व्यवहारमा समेत ठूलो परिवर्तन आएको बताउनुभयो । विगतमा प्रयोग हुँदै आएका परम्परागत विज्ञापनका तरिका मात्रै पर्याप्त नहुने भन्दै उहाँले प्रविधिको विकास र बदलिँदो उपभोक्ता व्यवहारअनुसार विज्ञापन बजारलाई नयाँ ढङ्गले अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपालको सञ्चार तथा विज्ञापन क्षेत्रलाई सिर्जनात्मक, प्रतिस्पर्धी र व्यावसायिक बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य र समन्वय आवश्यक रहेको बताउनुभयो । विज्ञापन क्षेत्रको विकासले सञ्चारमाध्यमको आर्थिक आधार बलियो बनाउनुका साथै रोजगारी सिर्जना र व्यवसाय प्रवर्द्धनमा समेत योगदान पु¥याउने भएकाले यसलाई व्यवस्थित र मर्यादित बनाउनुपर्ने उहाँको भनाइ छ ।

भेटका क्रममा राष्ट्रिय विज्ञापन सङ्घ नेपालले कोभिड-१९ महामारीपछि नेपालको अर्थतन्त्रसँगै विज्ञापन व्यवसाय पनि प्रभावित भएको उल्लेख गर्दै विज्ञापन बजार र विज्ञापन एजेन्सीले भोगिरहेका समस्या तथा कानुनी र नीतिगत विषयमा मन्त्रालयको ध्यानाकर्षण गराएको थियो ।

विज्ञापन एजेन्सी सरकार, सञ्चारमाध्यम, विज्ञापनदाता र उपभोक्ताबीचको महत्त्वपूर्ण सेतुका रूपमा काम गर्दै आएको उल्लेख गर्दै सङ्घले यस क्षेत्रले हजारौँ रोजगारी सिर्जना गर्नुका साथै व्यापार तथा व्यवसाय प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याएको जनाएको छ ।

# भदौरे वर्षात्ले धानबालीलाई राहत

महोत्तरी, ८ भदौ (रासस) ।
भदौरे वर्षातले महोत्तरीमा धानबालीलाई राहत मिलेको छ । भदौ लागेयता दिनहुँजसो पानी पर्दै आएपछि धानबालीलाई राहत मिलेको किसान बताउँछन् ।

यसपालि रोपाइँका बेला राम्ररी पानी नपर्दा धानको गबो (रोपो) गाँजिन नपाएका बेला भदौ लागेयता भने दिनहुँको वर्षाले राहत मिलेको छ । "घरमा भएको अन्नपात सबै लगाएर दुःखले धान रोपियो, तर साउनभरि राम्ररी पानी नपरी बिल्दा बाली सप्रने आस मरेको थियो" भङ्गाहा-४ रामनगरका ५० वर्षीय किसान शुभनारायण ठाकुर भन्नुहुन्छ, "भदौ लागेयता भने दिनहुँ पानी पर्दै आएपछि रोपो फेरिएर हलक्क बढेको छ ।" अबका एक महिना अनुकूल वर्षा भइरहे धान घर भित्रिने आस पलाएको ठाकुरको भनाइ छ ।

ठाकुरजस्तै भङ्गाहा-३ कटैयाकी ६० वर्षीया किसान रामराजी यादव पछिल्लो वर्षाले धानबाली निकै फिरेको बताउनुहुन्छ । "असार साउनमा पानी राम्रो परेन, इनार र बोरिङबाट पानी तानेर कसैगरी धान रोप्यौँ, साउनभरि पानी नपर्दा अब विचल्ली हुने भयो भन्ने परेको थियो", यादव भन्नुहुन्छ, "पछिल्लो एक साताको दिनहुँको वर्षाले राम्ररी सास फेर्नसक्ने बनायो ।" अहिले धानको रुखी (बोटको अवस्था) फेरिएर लहलहाएको देख्दा सन्तोष लाग्ने गरेको उहाँ बताउनुहुन्छ ।

महोत्तरी यसपालि रोपाइँका बेला अनुकूल वर्षा हुन सकेन । यो प्रतिकूलताबीच पनि यहाँ धान रोपाइँ राम्रो भएको छ । यसपालि साउन मसान्तसम्ममा करिब ८७ प्रतिशत रोपाइँ भएको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयले जनाएको छ । कतिपय ठाउँमा स्थानीय जातका धानको खरुअन (कलम, बीउ रोप गाजिएपछि उखेलेर फेरि रोपिने धान) भदौ पहिलो साता बित्दै गर्दासम्म रोपाइँ भइरहेको कार्यालयका सूचना अधिकारी अविरलकुमार महतो बताउनुहुन्छ ।

यो हिसाबले भदौ १० भित्र खरुअन रोप जारी रहे रोपाइँ ९० प्रतिशतको हाराहारी पुग्ने उहाँको भनाइ छ । जिल्लामा कूल ७१ हजार हेक्टर खेतीयोग्य जग्गा रहेमध्ये ४० हजार हेक्टरमा धान खेती हुँदै आएको छ । धानखेती हुने यो क्षेत्रफलमध्ये साउन मसान्तभित्र ३४ हजार ८०० हेक्टरको सेरोफेरोमा रोपाइँ भएको कार्यालयले जनाएको छ ।

जिल्लामा १० प्रतिशत जग्गामा मात्र कुलोनहर लाग्ने स्थायी सीञ्चित जग्गा छ । यसबाहेक २० हजार हेक्टरमा वैकल्पिक सिँचाइ (भूमिगत सिँचाइ, इनार र बोरिङबाट मोटर र पम्पसेट लगाएर पानी तानिने) को पहुँच पुगेको कार्यालयका विज्ञ बताउँछन् । तर इनार र बोरिङको पानी बढी खर्चिलो हुँदा आम गरिब किसान आवश्यकताअनुसार यस्तो पानी खेतबारीमा पु¥याउन सक्दैनन् । त्यसैले अधिकांश खेती आकाशे पानीको भरमा छ ।

# भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**पर्सा, ८ भदौ ।**
लागुऔषध पाँच केजी गाँजा र मोटरसाइकलसहित भारतीय नागरिक पक्राउ परेका छन् ।

सशस्त्र प्रहरी बल, पर्साले मोटरसाइकलको ट्याङ्की तथा सिटमुनि लुकाईछिपाई राखिएको अवस्थामा पक्राउ गरिएको पर्साका सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले जानकारी दिनुभयो ।

यहाँस्थित छिपहरमाई गाउँपालिका-५ भिस्वास्थित सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा चौकी जयमङ्गलापुरबाट खटिएको टोलीले पक्राउ गरेको हो ।

नेपालबाट भारततर्फ जाँदै गरेका दुई जना भारतीय नागरिक सवार भारतीय नम्बरको मोटरसाइकललाई रोकी चेकजाँच गर्ने क्रममा पक्राउ गरिएको हो ।

### *अत्यधिक गर्मीले ...*

जनजीवनसमेत कष्टकर बनेको छ । बिहानदेखि बेलुकासम्म ४० डिग्री सेल्सियससम्म पुग्ने चर्को गर्मीका कारण सर्वसाधारणको दैनिकी प्रभावित भएको छ ।

गर्मी बढेसँगै बजारमा सर्वसाधारणको चहलपहल घटेको छ भने सरकारी कार्यालयमा सेवाग्राहीको उपस्थिति पनि पातलिएको छ । अत्यधिक गर्मीका कारण विशेषगरी बालबालिका, वृद्धवृद्धा तथा कमजोर स्वास्थ्य अवस्था भएका व्यक्ति बढी प्रभावित भएका छन् ।

### *कृषि उत्पादनबाट...*

अन्नको बजारीकरण गर्न सधैँ समस्या हुँदै आएको बारेमा मन्त्री श्रेष्ठलाई जानकारी गराए । यस्ता समस्या तत्काल समाधानका लागि पहल गर्न मन्त्री श्रेष्ठले सम्बन्धित निकायलाई आग्रह गरेका थिए ।

# स्कुल बसले अटोलाई ठक्कर दिँदा दुईको मृत्यु, तीन जना घाइते

**दैनिक समाचारदाता**
**उदयपुर, ८ भदौ ।**
उदयपुरको बेलका नगरपालिका-५ जहदामा स्कुल बसले अटोलाई ठक्कर दिँदा दुईको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

बेलका नगरपालिका-५ की अन्दाजी ३४ वर्षीया मन्दिरा मगर र नामथर, उमेर तथा ठेगाना नखुलेकी एक महिलाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बसको ठक्करबाट गम्भीर घाइते भएका दुवै जनाको उपचारका क्रममा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले जानकारी दिए ।

सोमबार बिहान मदनभण्डारी राजमार्गको बेल्टार चतरा सडकखण्डको सुपाडेबाट लालबजारतर्फ आउँदै गरेको कोप्र ५-१ ह ०६१३ नम्बरको अटोलाई विपरीत दिशाबाट जाँदै गरेको को १ ख ३५१६ नम्बरको सफल आदर्श इङ्लिस बोर्डिङ स्कुलको बसले ठक्कर दिएको थियो ।

प्रहरी नायब उपरीक्षक बमका अनुसार अटोमा चालकसहित पाँच जना सवार रहेकामा सबै घाइते भएका छन् । घाइतेलाई उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएकामा दुई जनालाई चिकित्सकले मृत घोषणा गरेका उहाँले जानकारी दिए ।

दुर्घटनामा अटो चालक बेलका नगरपालिका-५ का अन्दाजी २८ वर्षीय ईन्द्र थापा, मोरङको विराटनगर महानगरपालिका-१२ का अजित गुरुङ र बेलका-५ का १८ वर्षीय रोशन मगर घाइते भएका प्रहरी नायब उपरीक्षक बमले बताए । घाइते तीनै जनाको प्रतिष्ठानमा उपचार भइरहेको छ ।

दुर्घटनापछि इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट प्रहरी टोली घटनास्थलमा खटिएको थियो । प्रहरीले बस र चालक बेलका नगरपालिका-५ का अन्दाजी ३६ वर्षीय विक्रम थापालाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# जेन-जीका माग सम्बोधन गर्न विशेष कार्यदल

काठमाडौँ, ८ भदौ (रासस) ।
जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेका माग सम्बोधन गर्न सरकारले विशेष कार्यदलमार्फत काम अघि बढाउने भएको छ ।

गृहमन्त्री सुधन गुरुङको अध्यक्षतामा सोमबार उहाँको कार्यकक्षमा भएको छलफलमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम, प्रतिनिधिसभा सदस्य, मुख्य सचिव, गृहसचिव तथा जेन-जी आन्दोलनका शहीद परिवार र घाइतेका प्रतिनिधिको सहभागिता थियो ।

छलफलमा गत वर्ष भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका शहीद परिवार तथा घाइतेका माग कार्यान्वयनका लागि मन्त्रिपरिषद्बाट गत मङ्सिर २४ गते स्वीकृत १० बुँदे सम्झौता तथा गत असार १८ गते स्वीकृत २४ बुँदे प्रस्ताव कार्यान्वयनको अवस्थाबारे विचार आदानप्रदान भएको थियो ।

माग कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सहसचिवको अध्यक्षतामा गठित सहजीकरण समितिलाई जेनौस-जीसम्बन्धी विषय मात्र कार्यान्वयन गर्ने विशेष कार्यदलका रूपमा जिम्मेवारी तोक्ने निर्णय भएको छ ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*